## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०९।१२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---------------------------------------------------

कैलाली जिल्ला, घोडाघोडी नगरपालिकाको सहरी स्वास्थ्य बिषयमा प्रकाशित विज्ञापनमा पदपुर्ति गर्दा सफललाई वैकल्पिक र वैकल्पिकलाई सफल गराएकोले छानविन गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा घोडाघोडी नगरपालिका कैलालीको अ.न.मि पदको अन्तर्वार्तामा उक्त पदपूर्ति समितिका अध्यक्ष चन्द्रकुमार चौधरीले सफल व्यक्तिलाई वैकल्पिक र वैकल्पिक ब्यक्तिलाई सफल बनाई अन्तर्वार्ताको परिणाम माइन्युटमा फेरबदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता